नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

फोन.नं :०८७-५२००१२
फोन.नं :-०८७-५२०११२
फ्याक्स:-०८७-५२०१८०

मिति :२०७७/०६/३०

# जिल्ला प्रशासन कार्यालयको अत्यन्त जरूरी सूचना !

विश्वव्यापी माहामारीको रूपमा फैलिएको कोभिड-१९ को संक्रमणबाट गुज्रिरहेको अवस्था सर्वविदितै छ । यस विषम् परिस्थितिमा हाम्रा दैनिक जीवनयापन, सेवा प्रवाह, विकास निर्माण, तथा पेशा व्यवसाय सहज ढंगले सञ्चालन हुन सकिरहेको छैन । यसै बीच नेपालीहरूले मनाउने बडादशैं, शुभ-दिपावली, नेपाल संम्वत, छठ पर्व जस्ता चाडै पर्वहरू आइरहेका छन् । चाडपर्व मनाउँदा कोभिड-१९ को संक्रमण परिवार हुदै समाजमा फैलन सक्ने भएकाले आवश्यक सावधानी अपनाउनु पर्ने देखिएको छ । यसै गरी चाडपर्वका समयमा हुन सक्ने लुटपाट, चोरी, डकैती, झैझगडा, लगायतका अपराध तथा आगलागी, विष्फोट जस्ता घटनाबाट बच्न समेत उच्च सतर्कता र सावधानी अपनाउनु पर्ने देखिएको छ । यी सबै अवस्थालाई मध्यनजरमा राखी *स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६(३) तथा संक्रमण ऐन, २०२० को दफा२(१)* मा उल्लेखित व्यवस्था, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्र तथा जिल्ला सुरक्षा समितिको बैठकबाट भएका निर्णय समेतका आधारमा देहाय बमोजिम गर्न / गराउनु हुन यो सूचना जारी गरिएको छ । यस सूचनामा उल्लेखित विषयहरूको पालना नगरे/ नगराएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैमा सूचित गरिन्छ ।

- चाडपर्व मनाउदा सकभर जो जहाँ रहेको छ, त्यही रही अनावश्यक जमघट र यात्रा नगरी आफ्नै परिवारका सदस्यहरूबीच मात्रै मनाउने ।
- जिल्ला भित्र सञ्चालन हुने कुनै मेला, जात्रा, महोत्सव, खेलकुद तथा मानिसहरूको अनावश्यक भिडभाड र जमघट हुने खालका कुनै पनि कार्यहरू नगर्ने/ नगराउने ।
- चाडपर्वमा किनमेल, भेटघाट आदि गर्दा भिडभाड नहुने गरी भौतिक दुरी कायम गर्ने, माक्स, सेनिटाइजरको प्रयोग जस्ता स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गर्ने/ गराउने ।
- शक्तिपीठमा नित्य पूजापाठ बाहेकका मानिसहरू भेला वा जम्मा हुने गरी उत्सव, भजन, किर्तन, लगायतका कार्य नगर्ने / नगराउने ।
- यातायातको मापदण्ड पूर्णरूपमा पालना गरी/ गराई मर्यादित र अनुशासित तवरबाट मात्र सार्वजनिक यातायातको सेवा सञ्चालन र प्रयोग गर्ने/ गराउने ।
- बेलुका ८.०० बजे पश्चात मदिरा तथा मदिराजन्य पदार्थ बेचबिखन तथा सेवन नगर्ने/ नगराउने । मदिराजन्य पदार्थ सेवन गरी हिडेको पाईएमा प्रचलित कानून बमोजिम कार्वाही गरिने ।
- पटका, आतिसबाजी लगायतका विष्फोटक पदार्थको आयात, प्रयोग र संचय नगर्ने/ नगराउने ।
- जुवा, तास खेल्ने खेलाउने लगायतका कानूनले निषेध गरेका कुनै प्रकारका कार्यहरू नगर्ने / नगराउने ।
- सवारी साधनमा क्षमता भन्दा बढी यात्रु चढाउने, बढी भाडा असुल गर्ने, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, यात्रुहरूलाई अभद्र व्यवहार गर्ने, गन्तव्य सम्म नपुर्याउने, सडक अवरोध हुने गरी पार्किङ गर्ने जस्ता कार्य नगर्ने/ नगराउने ।
- पसल तथा व्यवसाय सञ्चालन गर्दा भीडभाड नहुने गरी स्वास्थ्य तथा सुरक्षाका मापदण्ड प्रयोग गरेर सञ्चालन गर्ने/गराउने । गुणस्तरीय वस्तु/सेवा समुचित मूल्यमा बिक्री वितरण गर्ने ।
- सामाजिक दुरी कायम गर्ने, घर बाहिर निस्कदा अनिवार्य रूपमा मास्क लगाउने, नियमित रूपमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने जस्ता स्वास्थ्य तथा सुरक्षाका मापदण्डको पालना गर्ने र कुनै लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्ने ।

पुनश्चः- कुनै अपराध, दुर्घटना वा विपद्का घटना भएमा वा उल्लेखित सूचनाको उलंघन भएको पाईएमा तुरून्त नजिकको प्रहरी इकाई वा नेपाल प्रहरीको कन्ट्रोल युनिटको सम्पर्क नं.- १०० वा अन्य सम्पर्कका लागि ९८५८३२७७७७ (प्र.जि.अ) र ९८५८३२५५५५ (प्र.ना.उ) मा जानकारी गराउन हुन समेत अनुरोध गरिन्छ ।

०७७/०६/३०

भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी